## गण्डकी प्रदेशमा रहेका तालहरु : एक संक्षिप्त जानकारी

ताल संरक्षण तथा विकास प्राधिकरण, गण्डकी प्रदेश, पोखराबाट आर्थिक बर्ष २०७७/७८ मा गण्डकी प्रदेशमा रहेका तालहरुको सर्वेक्षण र तिनीहरुको वर्गिकरण गर्ने उद्धेश्यले गण्डकी प्रदेशका ताल तथा हिमतालहरुको भौगोलिक सूचना प्रणाली र रिमोट सेन्सिङ्द्वारा डिजिटाइज र फिल्ड प्रमाणिकरण गर्ने कार्यको विस्तृत अध्ययनबाट प्राप्त नतिजा अनुसार गण्डकी प्रदेशमा २९० तालहरु (हिमताल, पोखरी, कुण्ड, दह समेत) पाईएका छन् । जसमध्ये १२६ हिमतालहरु (४५०० मिटरभन्दा माथि उचाईका) अध्ययनबाट देखिएको छ । सबैभन्दा बढी मुस्ताङ जिल्लामा ६० हिमतालहरु पाईएको छ भने सबै भन्दा कम लमजुङ जिल्लामा एउटा हिमताल पाईएको छ। पाँच जिल्लाहरु बाग्लुङ, नवलपुर, पर्वत, स्याङ्जा र तनहूँमा भने कुनै हिमतालहरू पाईएका छैनन् । त्यसै गरी ३००० मिटर उचाई देखि ४५०० मिटर सम्मको उचाईमा ४८ तालहरु र ३००० मिटर भन्दा कम उचाईमा ११६ तालहरु पहिचान भएका छन् । सो अध्ययनबाट प्राप्त नतिजा अनुसार विभिन जिल्लाहरुमा पाईएका तालहरु निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

### गण्डकी प्रदेशमा जिल्ला अनुसार तालहरुको वितरण

| क.सं. | जिल्ला | जम्मा | हिमतालहरु (४५०० मिटर उचाई भन्दा माथिका) | तालहरु (३०००-४५०० मिटर उचाई बीचका) | तालहरु (३००० मिटर भन्दा कम उचाईका) |
|---|---|---|---|---|---|
| १ | बाग्लुङ | ७ | ० | २ | ५ |
| २ | गोरखा | ३२ | १८ | १२ | २ |
| ३ | कास्की | ३५ | २ | २ | ३१ |
| ४ | लमजुङ | ११ | १ | ४ | ६ |
| ५ | मनाङ | ५४ | ४० | १४ | ० |
| ६ | मुस्ताङ | ७३ | ६० | ९ | ४ |
| ७ | म्याग्दी | १२ | ५ | ५ | २ |
| ८ | नवलपुर | २१ | ० | ० | २१ |
| ९ | पर्वत | ३३ | ० | ० | ३३ |
| १० | स्याङ्जा | ५ | ० | ० | ५ |
| ११ | तनहूँ | ७ | ० | ० | ७ |
| जम्मा | | २९० | १२६ | ४८ | ११६ |


**सन्दर्भ सामाग्रीहरु**

- वन तथा भू-संरक्षण मन्त्रालय, बबरमहल, काठमाडौं, नेपाल (२०१०) सिमसार वर्णमाला ।
- वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौं, नेपाल (२०७५) सिमसार सम्बन्धी जानकारी पुस्तिका ।
- वन तथा भू-संरक्षण मन्त्रालय, सिमसार संरक्षण तथा सदुपयोग आयोजना, बबरमहल, काठमाडौं (२०१०) सिमसार श्रोत पुस्तिका ।
- वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं (२०७५) रामसार क्षेत्रको घोषणा र व्यवस्थापन मार्गदर्शन ।
- ताल संरक्षण तथा विकास प्राधिकरण, गण्डकी प्रदेश, पोखरा (२०७८) गण्डकी प्रदेशका ताल तथा हिमतालहरुको भौगोलिक सूचना प्रणाली र रिमोट सेन्सिङ्द्वारा डिजिटाइज र फिल्ड प्रमाणिकरण प्रतिवेदन ।



**लेखन:**
रण बहादुर वि.क.[1], कृपा पोखेल[1], मनिका रानाभाट[1]

**सम्पादन:**
ईन्द्र प्रसाद अधिकारी[1], अजय कार्की[1], सरोज पन्थी[2]

**पुनरावलोकन:**
बद्री राज ढुङ्गाना[2]

१ ताल संरक्षण तथा विकास प्रधिकरण, गण्डकी प्रदेश, पोखरा
२ वन,वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा


वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

ताल संरक्षण तथा विकास प्राधिकरण
गण्डकी प्रदेश, पोखरा



**प्रकाशक:**
प्रदेश सरकार, ताल संरक्षण तथा विकास प्राधिकरण, गण्डकी प्रदेश, पोखरा
फोन : ०६१-५८१२७० इमेल: lcdagandaki@gmail.com



**सर्वाधिकार:**
ताल संरक्षण तथा विकास प्राधिकरण, गण्डकी प्रदेश, पोखरा


**आवरण तस्वीर** : तस्वीर- (१) फेवाताल (२) बेगनास ताल (३) रुपाताल (४) मैदीताल (५) दिपाङताल (६) खास्टेताल (७) कमलपोखरी (८) न्युरिनी ताल (९) गुँदिताल
तस्वीर (१)©रोहित गिरी
अन्य तस्वीर©ताल संरक्षण तथा विकास प्राधिकरण

# नेपालका सिमसार : संक्षिप्त जानकारी



प्रदेश सरकार
## ताल संरक्षण तथा विकास प्राधिकरण
गण्डकी प्रदेश, पोखरा

## सिमसारको परिचय

सिमसार रसिलो भूमि हो, जहां जमिन लुक्दैन, जहां पानी सुक्दैन अर्थात् पानीले भिजेको वा पानी भएको जमिन भन्ने बुभिन्छ । सामान्यतया, सिमसार भन्नाले पानीको मुहान लगायत दलदल, धान बाली एवम् पानी जमेका क्षेत्रलाई जनाउँछ । भूमिगत जलश्रोत वा वर्षाका कारण पानीका परिमाण रहने वा प्राकृतिक वा मानवनिर्मित स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ अथवा नुनिलो पानी भएको धापिलो वा दलदले जमिन, नदीबाट प्रभावित भूमि,ताल,पोखरी, जलाशय र कृषि भूमि समेतलाई बुझाउँछ । सिमसारको शब्दावली हेर्दा 'सिम' भन्ने शब्द पर्सियन भाषाको 'सि' भन्ने शब्दबाट आएको हो । अत: 'सि' भन्नाले कमसल खालको जग्गा जमिन जहाँ कृषि खेती राम्रो हुँदैन । 'सार' भने संस्कृत भाषाको शब्दबाट आएको हो । 'सार' को अर्थ पानी भन्ने बुभिन्छ । त्यसैले सिमसार भन्नाले पानी भएको कृषि खेतीका लागि कमसल जमिनलाई जनाउँछ । रामसार महासन्धिको परिभाषा अनुसार सिमसार भन्नाले त्यस्तो घोल, दलदल, वा पानीको क्षेत्र हो जहाँ प्राकृतिक रुपले वा कृत्रिम तरिकाले, स्थायी वा अस्थायी रुपमा, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानीले ढाकिएको जमिन बुभिन्छ । साथै लघु ज्वारभाटाले ढाक्ने समुद्रको छ मिटरसम्मको गहिरो भागसम्मलाई जनाउँछ ।





## सिमसारको महत्व

सिमसारहरु अत्यन्त उत्पादनशील पारिस्थितिकीय प्रणाली हुन् । यस प्रणालीमा अनगिन्ती संख्यामा जीवाणु, वनस्पति, किटपतंग, उभयचर, घस्रने प्राणी, चरा, माछा र स्तनधारी जीवहरू पाईन्छन् । जलवायु, भौगोलिक स्वरूप भूगर्भ र जल परिचालन लगायत भौतिक एवम् रासायनिक प्रक्रियाले गर्दा सिमसारहरुमा वनस्पति र जनावरहरुको उच्चतम विविधता पाइन्छ । कुनै बेला सिमसारको बहुपक्षीय महत्व थाहा नभएर यसलाई खेर गएको भूमिको रुपमा हेरिन्थ्यो । वास्तवमा त्यसको मूल्य अन्य परिस्थितिकीय प्रणालीहरुले प्रदान गर्ने सेवाको तुलनामा निकै उच्च रहेको पाइएको छ । यस अनुसार सिमसारको संरक्षण भन्नु नै जैविक प्रजातिहरुको संरक्षण हो । सिमसारबाट तल उल्लेखित सेवाहरु प्राप्त हुन्छन् ।

### १. बन्दोबस्ती (Provisioning)

खाना : माछा पालन, पंक्षी शिकार, फल र अन्य उत्पादन
स्वच्छ पानी : घरायसी, औद्योगिक, कृषि प्रयोगको लागि पानीको भण्डारण र सञ्चय
रेशा र उर्जा : काठ, दाउरा, स्याउला उत्पादन
जैविक रसायन : औषधि र अन्य वस्तुहरु शोधन
वंशाणु श्रोत : वनस्पति रोग नियन्त्रण र सजावट प्रजातिको लागि वंशाणु श्रोत

### २. नियमन (Regulating)

जलवायु नियमन : हरितगृह ग्यासहरुको श्रोत र सोचन, तापक्रम नियमन र वर्षा लगायत जलवायु प्रक्रिया परिचालन
जलचक्र संचालन : भूमिगत जल सञ्चय र परिचालन, उद्योग र कृषिको लागि पानी
प्रदुषण नियन्त्रण : पौष्टिक र प्रदुषण तत्वहरु सञ्चय, पुनप्राप्ति र निष्काशन
भू-क्षय नियन्त्रण : माटो सञ्चय र संरचनाको संरक्षण (भू-क्षय रोकथाम आदी)
प्राकृतिक प्रकोप नियमन : बाढ नियन्त्रण, आँधी रोकथाम



### ३. सांस्कृतिक (Cultural)

आध्यात्मिक र आनन्द: आनन्दको श्रोत, धेरै धार्मिक र आधात्मिक कार्यहरुको लागि पवित्र क्षेत्र, पर्व मेलाका क्रियाकलापहरु सञ्चालन
मनोरञ्जनात्मक: खेलकुद लगायत मनोरञ्जनको लागि अवसरहरु
सौन्दर्य : सौन्दर्य र आनन्दको लागि श्रोत
शिक्षा: औपचारिक र अनौपचारिक शिक्षाका लागि अवसरहरु

### ४. संभरण (Supporting)

जैविक विविधता : रैथाने र घुमन्ते प्रजातिहरुको लागि वासस्थान
माटो निर्माण : घरायसी, औद्योगिक, कृषि प्रयोगको लागि पानीको भण्डारण र सञ्चय
पौष्टिक तत्व परिचालन : पौष्टिक तत्वहरु भण्डारण, पुनप्रयोग, प्रशोधन र पुनप्राप्ति हुने
परागसेचन : परागसेचनको लागि सहयोगी



## रामसार महासन्धि र नेपालका रामसार क्षेत्रहरु

**रामसार महासन्धि** : अन्तर्राष्ट्रिय महत्वका सिमसारहरु खास गरी पानी हाँसको वासस्थान संरक्षणबारेको महासन्धिलाई चलन चल्तीमा रामसार महासन्धि भनिन्छ । २ फेब्रुअरी १९७१ मा इरानको रामसार भन्ने शहरमा सम्पन्न यस अन्तर्राष्ट्रिय महासन्धि सन् १९७५ देखि कार्यान्वयन हुन थालेको हो । हाल विश्वका १७२ वटा देशहरु यसमा आवद्ध रहेका छन् । स्थानीय तथा राष्ट्रिय कार्यहरु र अन्तर्राष्ट्रिय सहकार्य मार्फत सिमसारको संरक्षण र बुद्धिमतापूर्ण उपयोग गर्दै दिगो विकासको लक्ष्य प्राप्ति तर्फ टेवा पुऱ्याउने यसको ध्येय (Mission) रहेको छ । रामसार महासन्धिले अन्तर्राष्ट्रिय महत्व बोकेका तथा अति संवेदनशील संकटापन्न र खतरापूर्ण जैविक प्रजाति वा पारिस्थितिकीय समुदायलाई आश्रय प्रदान गर्ने सिमसारहरुलाई रामसारको सूचीमा सुचिकृत गर्ने गर्दछ । हालसम्म विश्वका २४३५ वटा सिमसारहरु रामसारको सूचीमा सुचिकृत भएका छन् भने यी सिमसारहरुले ओगटेको कुल क्षेत्रफल २५४,६८५,४२५ हेक्टर रहेको छ ।

### नेपालका रामसार क्षेत्रहरु :

कोशीटप्पु वन्यजन्तु आरक्षलाई अन्तराष्ट्रिय महत्वको सिमसारको रुपमा रामसार क्षेत्रमा सन् १९८७ मा सुचिकृत गरी नेपाल सन् १९८७ देखि रामसार महासन्धिको पक्ष राष्ट्र रहँदै आएको छ । रामसार सूचीमा नेपालका कोशीटप्पु वन्यजन्तु आरक्ष, घोडाघोडी ताल, जगदिशपुर जलाशय, बीसहजारी, ताल समूह, राराताल, शे-फुक्सुन्डो ताल, गोसाईकुण्ड ताल समूह, गोक्यो ताल समूह, माईपोखरी र पोखराका ९ वटा ताल समूह गरी जम्मा १० वटा सिमसारहरु सूचीकृत भएका छन् भने यी सिमसार क्षेत्रहरुले ओगटेको कुल क्षेत्रफल ६०,५६१ हेक्टर रहेको छ । पोखराका तालहरु अन्तर्गत फेवाताल लगायत अन्य आठ वटा तालहरु -बेगनास, रुपा, मैदी, दिपाङ, खास्टे, कमलपोखरी, न्युरिनी र गुँदे तालहरु पर्दछन ।

| क.सं. | सिमसार क्षेत्रको नाम | अवस्थित जिल्ला | घोषणा मिति(सन) | क्षेत्रफल(हे) |
|---|---|---|---|---|
| १ | कोशीटप्पु वन्यजन्तु आरक्ष | सुनसरी | १९८७ | १७,५०० |
| २ | जगदिशपुर जलाशय | कपिलवस्तु | २००३ | २२५ |
| ३ | घोडाघोडी ताल | कैलाली | २००३ | २,५६३ |
| ४ | बीसहजारी ताल | चितवन | २००३ | ३,२०० |
| ५ | रारा ताल | मुगु | २००७ | १,५८३ |
| ६ | फोक्सुन्डो ताल | डोल्पा | २००७ | ४९४ |
| ७ | गोसाइकुण्ड ताल | रसुवा | २००७ | १,०३० |
| ८ | गोक्यो ताल | सोलुखुम्बु | २००७ | ७,७७० |
| ९ | माईपोखरी | इलाम | २००८ | ९० |
| १० | पोखराका ९ वटा ताल समूह | कास्की | २०१६ | २६, १०० |
| | | | जम्मा | ६०,५६१ |

### नेपालका विभिन्न प्रकारका सिमसारले ओगटेको अनुमानित क्षेत्रफल

| सिमसार प्रकार | अनुमानित क्षेत्रफल(हेक्टर) | प्रतिशत(%) |
|---|---|---|
| नदी | ३९५,००० | ४८.२ |
| ताल | ५,००० | ०.६ |
| जलाशय | १,५०० | ०.२ |
| तलाउ | ७,२७७ | ०.९ |
| सिमान्त धाप | १२,५०० | १.५ |
| सिञ्चित धान खेत | ३९८,००० | ४८.६ |
| जम्मा | ८१९,२७७ | १००.०० |

**World Wetlands Day**
2 February 2022

Wetlands Action for People and Nature

### विश्व सिमसार दिवस

सन् १९९७ देखि रामसार महासन्धिमा हस्ताक्षर गरिएको दिन २ फेब्रुअरीलाई स्मरण गर्दै सिमसारको महत्व र मूल्यबारे जनचेतना अभिवृद्धि गर्ने लक्ष्य सहित मनाउन सुरु गरिएको हो । सन् १९९८ देखि प्रत्येक वर्ष नारा कोर्ने गरिएको छ र सिमसार दिवस सन् २०२२ को नारा : "दलदल, पानी, पोखरी र खोला : संरक्षण गरे सर्वहित होला(Wetlands Action for People & Nature)" भन्ने रहेको छ । यस नाराले प्राकृतिक सिमसारहरु द्रुत गतिमा लोप हुँदै गईरहेका छन् त्यसैले सिमसारको संरक्षण, व्यवस्थापन, पुनर्स्थापनामा आवश्यक प्रयासहरु र लगानीमा वृद्धि गरी मानिस र प्रकृति दुवैको हितको लागि सिमसारको संरक्षण, वुद्धिमतापूर्ण उपयोग र पुनर्स्थापना गर्न तत्काल जिम्मेवारपूर्ण कदम चाल्नुपर्नेमा जोड दिइएको छ । सिमसारको लोप हुनु भनेको मानिसको लागि पानीको अभाव, बाढी तथा अन्य प्राकृतिक प्रकोप, जीविकोपार्जन तथा धनजन र खाद्य सुरक्षामा असर पुग्नु हो भने धर्तीको लागि जैविक विविधतामा ह्रास, कार्वन वृद्धि तथा मिथेन उत्सर्जन, प्राकृतिक पानी शुद्धिकरणमा असर पुग्नु हो । यसकारण जैविक विविधताको भण्डार, शुद्ध पानीको स्रोत, कार्वन शोषण, जीविकोपार्जनको स्रोत मानिने सिमसारको मूल्य कायम गर्ने, सिमसारमा आश्रित प्राणीहरुको पलायन हुनबाट रोक्ने र सिमसारको बुद्धितापूर्ण प्रयोग गर्ने तथा पुनसिञ्चित, हरियाली, पुनर्स्थापना गर्ने जस्ता प्रमुख तीन कार्यहरु गर्नमा बिशेष जोड दिईएको छ । सिमसार नाश गर्नाले हामीले हाम्रो जीवन पनि नाश गर्छौं । त्यसैले हाम्रो अस्तित्वसँग जोडिएको महत्वपूर्ण सिमसारहरुको मूल्य कायम, व्यवस्थापन, पुनर्स्थापना र मायाँ गरौं ।